# हार्दिक बधाई



२०७७ पौष १९ गते/जनवरी ३ तारिख, २०२१ आइतबार नेइम धापासी चर्चको सदस्य सुश्री **शर्मिला सुनार** र इम्मानुएल चर्च, तनहुँको सदस्य श्री **शिशिर गजमेर**को नेइम धापासी चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **शिशिर** र **शर्मिला गजमेर**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७७ माघ ५ गते/जनवरी १८ तारिख, २०२१ सोमबार नेइम गुरुजुधारा चर्चको सदस्य श्री **सोजन सुर्खेती** र ललितपुर अविनाश चर्चको सदस्य सुश्री **सरु बोगटी**को ललितपुर अविनाश चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सोजन** र **सरु सुर्खेती**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७७ माघ ५ गते/जनवरी १८ तारिख, २०२१ सोमबार नेइम गोंगबू चर्चको सदस्य श्री **रमेश तामाङ्ग** र गोरखा कोइनोनिया चर्चको सदस्य सुश्री **ईशा तामाङ्ग**को गोरखा कोइनोनिया चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **रमेश** र **ईशा तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७७ माघ ११ गते/जनवरी २४ तारिख, २०२१ आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **उमेश कार्की** र इम्मानुएल चर्च धादिङ्गको सदस्य सुश्री **अस्मिता सिर्मल**को इम्मानुएल चर्च धादिङ्गमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **उमेश** र **अस्मिता कार्की**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७७ माघ १८ गते/जनवरी ३१ तारिख, २०२१ आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्यहरू श्री **संजिप थापा** र सुश्री **तारा मगर**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **संजिप** र **तारा थापा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## नेइम जोरपाटी मण्डली भवन निर्माण जानकारी

**"परमप्रभुको प्रशंसा गर, किनभने परमप्रभु भलो हुनुहुन्छ । उहाँको नाउँको भजन गाओ, किनकि यो मनोहर छ ।"** भजनसंग्रह १३५:३

परमप्रभु, उहाँको मण्डलीप्रति भलो हुनुहुन्छ, उहाँको अनुग्रह उपयुक्त समयमा नेइम जोरपाटी मण्डली भाडामा रहेको २१ औं वर्षमा मण्डली भवन निर्माण कार्य शुरू भयो । हाल मण्डली आराधना भवन निर्माणको मध्यभाग ५० प्रतिशत काम सक्यो बाँकी काम निरन्तर भइरहेको छ । नेइम जोरपाटी डाँछी भवनमा आराधना गर्ने आत्माहरू निरन्तर वृद्धि भइरहोस् र भवन निर्माण काम सम्पन्न गर्नको लागि आवश्यक सामाग्री र आर्थिक रकम जुटाउन सकोस् साथै, भवन निर्माणको लागि देश विदेशबाट हृदय र मुठ्ठी खोल्नुभएकोमा सम्पूर्ण विश्वासीजनप्रति नेइम जोरपाटी मण्डली कृतज्ञता व्यक्त गर्दछ ।

## विशेष प्रार्थना

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि, एकता र मेल मिलाप मागिदिऔं ।

३. देशको आर्थिक, सामाजिक, भौतिक साथै अन्य सबै क्षेत्रमा उन्नति, प्रगति, सुधार आएको होस् ।

४. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डली र ख्रीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइमा बोझसाथ लागिपर्न सकून् ।

५. अन्धकारका शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, घूसखोरी, हत्या, आत्माहत्या, लागु पदार्थ दुर्व्यशन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

६. सेवा संगति, प्रार्थना, वचन पढाइ, प्रशंसा र सुसमाचार प्रचार गर्ने विषयहरूमा मण्डलीका विश्वासीहरू कोही पनि सेलाएर नगएका हुन् ।

७. इस्राएल देशका यहूदी जातिहरूले समयमा नै ख्रीष्ट येशू प्रभुलाई प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।

८. सारा संसारभरि प्रभु येशूको नाउँको खातिर दुःख कष्ट, खेदो निन्दा र सतावट सहिरहनुभएका प्रभुका जनहरूको लागि प्रार्थना गरिदिऔं ।

९. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशू प्रभुमा पाइने सित्तैंको मुक्तिको सुसन्देश ठीक प्रकारले प्रचार गर्न सकून् जसको फलस्वरूप ख्रीष्ट येशू प्रभुमा विश्वास गर्नेहरू मूल्य चुकाउनेहरू पनि हुन सकून् ।

११. मण्डलीलाई परमेश्वरको इच्छाअनुसार पवित्र आत्माको सहायतामा शिक्षा दिन, हुर्काउन, डोऱ्याउन, आत्मिकी रूपमा वृद्धि गर्न र व्यवस्थित गर्दै लैजानको लागि नेइमअन्तर्गतका सम्पूर्ण अगुवाहरूको लागि प्रार्थना गरिदिऔं ।

१२. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

१३. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानुभएकाहरू अनुग्रहको समय छँदा नै प्रभुमा फर्केर आउन सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २५ 7<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू हुनुको साथै जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून्।<br>मत्ती ५:१३-१६ | २ 14<br>नेपाली इसाई मण्डली तथा नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं।<br>भजनसंग्रह ७८:७०-७२ | ९ 21<br>विभिन्न माध्यमहरूद्वारा प्रचारिने सुसमाचारद्वारा संसारभर धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून्।<br>रोमी १०:९-१७ | १६ 28<br>मण्डलीलाई अगुवाइ गरिरहनु-भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून्।<br>फिलिप्पी २:१-५ |
| **सोमबार**<br>Monday | २६ 8<br>सम्पूर्ण विश्वासीहरू एकआपसमा सधैँ प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं।<br>यूहन्ना १३:३४-३५ | ३ 15<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं।<br>१ थेसलोनिकी ५:१६-१८ | १० 22<br>आखिरी दिनहरूमा संसारको धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून्।<br>२ तिमोथी ३:१०-१७ | १७ March 1<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितामा जिउन सकून्।<br>रोमी १५:१-६ |
| **मंगलबार**<br>Tuesday | २७ 9<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाइ र उपस्थिति मण्डलीसँग सधैँ भइरहून्।<br>प्रस्थान ३३:१३-१७ | ४ 16<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून्।<br>लूका १५:१-२० | ११ 23<br>येशू प्रभुलाई विश्वास गरी मण्डलीमा आउनुभएकाहरूलाई प्रभुमा डोर्‍याउने काममा सबै विश्वासीहरू बोझसहित लागिपर्न सकौं।<br>१ कोरिन्थी १५:५८ | १८ 2<br>सबै जवानहरू प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं।<br>हितोपदेश ३:१-६ |
| **बुधबार**<br>Wednesday | २८ 10<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घुसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं।<br>मत्ती १८:१८ | ५ 17<br>हामी सबैले वचन पढ्ने, साथै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून्।<br>एफिसी १:१८-१९ | १२ 24<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून्।<br>मत्ती ५:१०-१२ | १९ 3<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोर्‍याइएकाहरू भएर जिउन सकौं।<br>गलाती ५:१६-२५ |
| **बिहीबार**<br>Thursday | २९ 11<br>परमेश्वरले दिनुभएका सबै बालबालिकाहरू साथै जवान छोरा छोरीहरूको लागि धन्यवाद चढाउँदै उनीहरूको लागि आशिष् मागिदिऔं।<br>भजनसंग्रह १२७:३-५ | ६ 18<br>हामी सबै एकआपसमा सधैँ प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं।<br>रोमी १२:९-२१ | १३ 25<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैँ धन्यवादी भई परमेश्वरको महिमाको निम्ति जिउन सकून्।<br>भजनसंग्रह १०३:१-१३ | 4<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून्।<br>कलस्सी ३:१-२ |
| **शुक्रबार**<br>Friday | ३० 12<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप हामी वचनमा आधारित जीवन जिउन सकौं।<br>भजनसंग्रह ११९:१८ | ७ 19<br>मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून्।<br>२ कोरिन्थी ६:१-२ | १४ 26<br>देशभरि रहेका मण्डलीहरूले चढाइएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस्।<br>२ इतिहास २०:२१-३० | २० 5<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिकी जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं।<br>लूका २:४०, ५२ |
| **शनिबार**<br>Saturday | १ फागुन 13<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं।<br>यशैया ४५:१-७ | ८ 20<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून्।<br>१ तिमोथी २:१-६ | १५ 27<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस्।<br>१ पत्रुस ५:७ | २१ 6<br>इस्राएल देशका यहूदी जातिहरूको निम्ति प्रार्थना गरिदिऔं<br>आमोस ९:१३-१५ |

**"किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ । जसरी आकाश पृथ्वीभन्दा अग्लो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अग्ला छन् । जसरी वृष्टि र हिउँ आकाशबाट झर्छ र त्यतैतिर फर्केर जाँदैन, तर जमीनलाई भिजाएर बाली उमार्छ, र छर्नेलाई बीउ र खानेलाई भोजन दिन्छ, त्यसरी नै मेरो मुखबाट निस्कने मेरो वचन पनि हुनेछ । त्यो मकहाँ व्यर्थै फर्कनेछैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ ।**

**(यशैया ५५:८-११)**